# मानव अधिकार पत्र

राष्ट्रिय मानव अधिकार आयोगको नियमित प्रकाशन

बर्ष ४ | अङ्क २ | जेठ, २०७८

## कोभिड-१९ सङ्कट व्यवस्थापन सम्बन्धमा आयोगद्वारा नेपाल सरकारको ध्यानाकर्षण आयोगका सदस्यसहितको उच्चस्तरीय टोली र उपप्रधानमन्त्रीबीच छलफल

विश्वभर फैलिरहेको कोभिड-१९ को दोस्रो लहरबाट नेपालमा पनि सङ्क्रमित हुनेहरूको सङ्ख्या बढ्दै गइरहेको छ । यस पक्षलाई ध्यानमा राखी आयोगले कोभिड-१९ को प्रभावलाई रोकथाम तथा नियन्त्रणमा नेपाल सरकारबाट चालिएका कदमहरूको प्रभावकारी कार्यान्वयन सम्बन्धमा निरन्तर अनुगमन गरिरहेको छ । यसै सन्दर्भमा आयोगका सदस्य लिली थापाको नेतृत्वमा आयोगका सहसचिव मुरारिप्रसाद खरेलसहितको उच्चस्तरीय टोलीले नेपाल सरकारका उपप्रधानमन्त्री तथा कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको उच्चस्तरीय निर्देशक समितिका संयोजक ईश्वर पोखरेलसँग भेट गरी छलफल गरेको छ ।



राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission, Nepal
केन्द्रीय कार्यालय Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal

प्रेस नोट

१५ वैशाख, २०७८

**कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा आयोगद्वारा नेपाल सरकारको ध्यानाकर्षण आयोगका सदस्यसहितको उच्चस्तरीय टोली र उपप्रधानमन्त्रीबीच छलफल ।**

विश्वभर फैलिरहेको कोभिड-१९ को दोश्रो लहरबाट नेपालमा पनि संक्रमित हुनेहरुको संख्या बढ्दै गईरहेको र नागरिकको स्वास्थ्यको अधिकारसँगै जीवन नै जोखिममा पर्न गएको अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । यस परिस्थितिमा कोभिड-१९ को प्रभावलाई रोकथाम तथा नियन्त्रणमा नेपाल सरकारबाट चालिएका कदमहरुको प्रभावकारी कार्यान्वयनसँगै सबै पक्ष र क्षेत्रको महत्वपूर्ण भूमिका रहनेमा आयोगको जोड रहेको छ। यसै सन्दर्भमा आयोगका सदस्य लिली थापाको नेतृत्वमा आयोगका सहसचिव मुरारिप्रसाद खरेल सहितको उच्चस्तरीय टोलीले नेपाल सरकारका उपप्रधानमन्त्री तथा कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको उच्चस्तरीय निर्देशक समितिका संयोजक ईश्वर पोखरेलसँग आज भेट गरी छलफल गरेको छ । सो अवसरमा आयोगले नेपाल सरकार, सम्वद्ध निकाय तथा कोभिड-१९ संकट व्यवस्थापन केन्द्रलाई देहाय बमोजिमको सुझावहरु कार्यान्वयका लागि ध्यानकर्षण समेत गराएको छ ।

१. सिमाक्षेत्रमा सञ्चालनमा रहेका पहिलेका होल्डिङ सेन्टर, क्वारेन्टाइन तथा आइसोलेसन केन्द्रहरुलाई शीघ्र व्यवस्थापन गरी सञ्चालन गर्न तथा स्थानीय तहहरुमा समेत क्वारेन्टाइन तथा आइसोलेसन केन्द्रहरु सञ्चालन गर्न गराउनु हुन ।

२.हाल सिमा क्षेत्रबाट नेपाल प्रवेश गर्ने व्यक्तिहरुको पर्याप्त स्वास्थ्य जाँच/परिक्षण हुन नसकेको र कोभिड-१९ संक्रमित भएकाहरुको पहिचान व्यवस्थित गरी निजहरुलाई आइसोलेसन तथा आफ्नो गन्तव्यसम्म पुऱ्याउन यातायात लगायतका अन्य कार्यहरु व्यवस्थितरुपले गर्न गराउन हुन ।

३. सिमाक्षेत्र तथा अन्तर्राष्ट्रिय उडानबाट नेपाल प्रवेश गर्ने व्यक्तिहरुको सूचना, तथ्याङ्क चुस्त दुरुस्त राख्ने व्यवस्था मिलाउन हुन ।

४. कोभिड-१९ को उपचारका लागि तोकिएका अस्पतालहरुमा संक्रमितहरुको बढ्दो चापका कारणले उपचारमा समस्या समेत देखिन थालेको हुँदा उक्त अस्पतालहरुमा थप साधन, स्रोत तथा जनशक्तिको व्यवस्था मिलाउन आवश्यक पहलकदमी गर्न गराउन । साथै अन्य अस्पतालहरु समेतलाई उपचारको लागि तोकी सेवा प्रवाह सहज बनाउन हुन ।

५. यस संकटको अवस्थामा अन्य सामाजिक संघ संस्था तथा नागरिक समाजलाई समेत स्वयंसेवकको रुपमा परिचालन गर्दै प्रदेश, जिल्ला तथा स्थानीय तहका जिम्मेवार निकायहरुलाई आवश्यक निर्देशन, परिपत्र तथा समन्वय गर्न हुन ।

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ Audio Notice Board Service Number 1618 01 5010015
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org



*नेपाल सरकारका उपप्रधानमन्त्री तथा कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको उच्चस्तरीय निर्देशक समितिका संयोजक ईश्वर पोखरेललाई सुझावपत्र पेस गर्नुहुँदै आयोगका माननीय सदस्य लिली थापा र सहसचिव मुरारिप्रसाद खरेल*

संकट व्यवस्थापन केन्द्रलाई देहायबमोजिमको सुझावहरू कार्यान्वयका लागि ध्यानकर्षणसमेत गराएको छः

- सीमाक्षेत्रमा सञ्चालनमा रहेका पहिलेका होल्डिङ सेन्टर, क्वारेन्टाइन तथा आइसोलेसन केन्द्रहरूलाई शीघ्र व्यवस्थापन गरी सञ्चालन गर्न तथा स्थानीय तहहरूमा समेत

क्वारेन्टाइन तथा आइसोलेसन केन्द्रहरू सञ्चालन गर्ने/गराउन ।

- हाल सीमा क्षेत्रबाट नेपाल प्रवेश गर्ने व्यक्तिहरूको पर्याप्त स्वास्थ्य जाँच/परीक्षण हुन नसकेको र कोभिड-१९ सङ्क्रमित भएकाहरूको पहिचान व्यवस्थित गरी निजहरूलाई आइसोलेसन तथा आफ्नो गन्तव्यसम्म पुऱ्याउन यातायात लगायतका अन्य कार्यहरू व्यवस्थित रूपले गर्ने/गराउन ।
- सीमाक्षेत्र तथा अन्तर्राष्ट्रिय उडानबाट नेपाल प्रवेश गर्ने व्यक्तिहरूको सूचना, तथ्याङ्क चुस्त-दुरुस्त राख्ने व्यवस्था मिलाउन ।
- कोभिड-१९ को उपचारका लागि तोकिएका अस्पतालहरूमा सङ्क्रमितहरूको बढदो चापका कारणले उपचारमा समस्यासमेत देखिन थालेको हुँदा उक्त अस्पतालहरूमा थप साधन, स्रोत तथा जनशक्तिको व्यवस्था मिलाउन आवश्यक पहलकदमी गर्ने/गराउन । अन्य अस्पतालहरूसमेतलाई उपचारको लागि तोकी सेवा प्रवाह सहज बनाउन ।
- यस सङ्कटको अवस्थामा अन्य सामाजिक सङ्घसंस्था तथा नागरिक समाजलाई समेत स्वयंसेवकको रूपमा परिचालन गर्दै प्रदेश, जिल्ला तथा स्थानीय तहका जिम्मेवार निकायहरूलाई आवश्यक निर्देशन, परिपत्र तथा समन्वय गर्ने ।
- पछिल्ला समयमा कोभिड-१९ को खोप (भ्याक्सिन) लगाइने केन्द्रहरूमा अत्यन्तै भिडभाड हुने गरेको र त्यसबाट थप सङ्क्रमणको जोखिमसमेत हुन सक्ने हुँदा कोभिड-१९ खोप केन्द्रहरू बढाउन एवं केन्द्रहरूमा हुने भिडभाड कम गर्न आवश्यक व्यवस्थापन कार्य मिलाउन ।
- जिल्ला प्रशासन कार्यालयहरूबाट जारी भएका निषेधाज्ञाहरूबाट अत्यावश्यक स्वास्थ्य सेवा तथा अन्य सेवा प्राप्त गर्नुपर्ने व्यक्तिहरू थप प्रभावित हुन सक्ने देखिएकाले आवश्यकताअनुसार सहज वातावरणको लागि पहल गर्ने ।
- हिरासत, कारागारका कैदीबन्दी तथा बाल सुधार केन्द्रहरूमा रहेका बालबालिकाहरूको नियमित स्वास्थ्य परीक्षण गर्ने/गराउन तथा आवश्यकताअनुसार स्वास्थ्य उपचारको व्यवस्था मिलाउन ।
- वैदेशिक रोजगारमा जाने तथा फर्कने व्यक्तिहरूको स्वास्थ्य मापदण्डअनुसार चेकजाँच व्यवस्था तथा अन्य आवश्यक व्यवस्थापन गर्ने/गराउन ।
- अनौपचारिक क्षेत्रमा काम गर्ने मजदुर/व्यवसायीहरूको दैनिक जिवीकोपार्जनमा परेको असर मूल्याङ्कन गरी स्थानीय तहबाट राहत आदि को व्यवस्थापन गर्न आवश्यक पहल गर्ने/गराउन ।
- निषेधाज्ञाको अवधीमा बढन सक्ने आपराधिक घटनाहरू महिला हिंसा/घरेलु हिंसा, आत्महत्या लगायतका घटनाहरूमा विशेष सुरक्षा-व्यवस्था लगायत आवश्यक प्रबन्ध मिलाउन ।
- नियमित स्वास्थ्य सेवा प्राप्त गर्नुपर्ने दीर्घरोगी, अपाङ्गता भएका, गर्भवती, सुत्केरी र मनोसामाजिक परामर्श आवश्यक पर्ने व्यक्ति लगायत अन्य सेवाग्राहीहरूको स्वास्थ्य उपचारलाई समेत प्रभाव नपर्ने गरी सरकारी तथा निजी अस्पतालहरूको व्यवस्थापन तथा अनुगमन गर्ने ।
- औषधी खाद्यन्न लगायत अन्य उपभोग्य सामाग्रीहरूको कृत्रिम अभाव सिर्जना गर्ने तथा कालो बजारीलाई दुरुत्साहन गर्न सम्बन्धित निकायहरू, स्थानीय तहहरूले बजार, गोदामहरू नियमित अनुगमन गरी मूल्य नियन्त्रण, वस्तुहरूको नियमित आपूर्ति तथा व्यवस्थापन गर्ने/गराउन ।

## आयोगको उच्चस्तरीय टोलीद्वारा आइसोलेशन केन्द्रहरूको अनुगमन

माननीय सदस्य लिली थापा, सहसचिव मुरारिप्रसाद खरेल र उपसचिव मञ्जु खतिवडा सम्मिलित उच्चस्तरीय टोलीले मिति २०७८ वैशाख २७ गते ललितपुर जिल्लाको सुनाकोठी र बागडोलमा

रहेका कोभिड सङ्क्रमितको उपचारार्थ खोलिएका आइसोलेशन केन्द्रहरूको स्थलगत अनुगमन गरेको छ।

सुनाकोठीमा रहेको पोषण पुनःर्स्थापना केन्द्रमा जम्मा ४० जना र बागडोलमा रहेको ज्यापु समाज जेष्ठ नागरिक आनन्द निकेतनमा जम्मा आठ जना कोभिड सङ्क्रमितहरूको उपचार भइरहेको अनुगमनको क्रममा पाइएको छ ।सो क्रममा उक्त आइसोलेशन केन्द्रहरूको सञ्चालनमा देखिएका चुनौतीहरूको बारेमा समेत



*सुनाकोठीमा रहेको पोषण पुनर्स्थापना केन्द्रको अनुगमन गर्दै आयोगको टोली*

छलफल भएको थियो। विश्वभर फैलिरहेको कोभिड-१९ को दोस्रो लहरबाट  नेपालमा फैलिएको अवस्था, यसबाट स्वास्थ्य तथा जीवनको अधिकार नै जोखिममा परेको अवस्था र सङ्क्रमित नागरिकहरूको स्वास्थ्य उपचारको स्थिति एवं सम्बन्धित निकायको समन्वय र सहकोगको अवस्था सम्बन्धमा जानकारी लिने उद्देश्यले अनुगमन गरिएको थियो ।

### कोभिड-१९ महामारीको कानुनव्यवसायी लहरको रोकथामका विषयमा स्वास्थ्य मन्त्रालयका प्रतिनिधिसँग छलफल

विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ महामारीको वर्तमान अवस्था, सो को रोकथाम र नियन्त्रणका लागि नेपाल सरकारले गरेका प्रयासहरू, कोभिडविरुद्धको खोपको उपलब्धता र प्राथमिकताका सम्बन्धमा आज स्वास्थ्य मन्त्रालयका प्रतिनिधिसँग आयोगमा छलफल भएको छ।

छलफलमा स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. जागेश्वर गौतमले पहिलो चरणको खोपपश्चात् दोस्रो चरणका लागि केही खोपहरू स्टकमा रहेको र केही खोप ल्याउने तयारी भइरहेको, ज्येष्ठ नागरिक, दीर्घरोगी, कैदीबन्दी, सञ्चारकर्मी, कर्मचारी, सवारी चालक खोपको प्राथमिकतामा रहेको र थप खोप उपलब्ध हुनासाथ, शिक्षक, विद्यार्थी र मानव अधिकारकर्मीसमेत खोपको प्राथमिकतामा पर्ने जानकारी गराउनुभयो । यसको साथै कोभिडको दोस्रो लहर आउन सक्ने सम्भावना र सो को रोकथामका लागि मन्त्रालयको तयारीका बारेमासमेत आयोगलाई जानकारी गराउनुभयो ।



छलफलमा आयोगका माननीय अध्यक्ष तपबहादुर मगर, माननीय सदस्यहरू डा. सूर्य ढुंगेल, मिहिर ठाकुर, मनोज दुवाडीका साथै आयोगका कर्मचारीहरूको समेत उपस्थिति रहेको थियो ।

### महिला अधिकारको संरक्षणमा आयोगको भूमिका विषयक छलफल



आयोगले महिला अधिकारको क्षेत्रमा क्रियाशील विभिन्न सङ्घसंस्थामा आबद्ध महिला अधिकारकर्मीहरूसँग महिला अधिकारको अवस्था सम्बन्धमा छलफल गरेको छ। आयोगको छैठौं रणनीतिक योजना निर्माणको सन्दर्भमा आयोगले विभिन्न क्षेत्र र समुदायसँग छलफल तथा सुझावहरू लिने क्रममा आज महिलाको अधिकार संरक्षणमा आयोगबाट निर्माण भइरहेको रणनीतिक योजनामा समावेश गर्नुपर्ने विषयमा सुझाव लिने उद्देश्यले उक्त छलफलको आयोजना गरिएको हो ।

छलफलको क्रममा अनौपचारिक क्षेत्रमा काम गर्ने महिलाहरू तथा घरेलु कामदारको रूपमा कार्यरत महिलाहरूको अधिकार उपभोगको अवस्था, यौन हिंसामा परेका महिलाहरूको न्यायमा पहुँचका साथै जीवन सुरक्षाको अवस्था, जलवायु प्रदूषणले महिलाको प्रजनन् अधिकारमा पारेको प्रभाव, महिलाको मानव अधिकारको संरक्षण र संवर्धनमा संयुक्त राष्ट्रसङ्घीय महिला अधिकार समितिबाट नेपाललाई प्राप्त सुझाव एवम् सर्वोच्च अदालतका आदेशहरूको कार्यान्वयन अवस्था लगायतका विभिन्न विषयमा आयोगले अनुगमन र अध्ययन गरी नेपाल सरकारलाई सिफारिस गर्नुपर्नेमा वक्ताहरूले जोड दिएका थिए । स्थानीय सरकार विकास निर्माणको कार्यमा मात्र केन्द्रित रहेको अवस्थामा महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यकलगायत सामूहिक अधिकारको विषय ओझेलमा परेको बताउँदै आयोगले यी विषयमा तल्लो तहसम्म अनुगमन तथा अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने सहभागीहरूको भनाइ थियो ।

कार्यक्रममा आयोगका अध्यक्ष तपबहादुर मगरले मानव अधिकार संरक्षणका लागि आयोगको एकल प्रयासले मात्र सम्भव नहुने बताउँदै सबै नागरिक एवम् सङ्घसंस्थाहरूसँग समन्वय र सहकार्य गर्दै आयोग अगाडि बढ्ने भनाइ राख्नुभयो । आयोगका सदस्य लिली थापाले छलफलको क्रममा सहभागीहरूबाट महत्वपूर्ण सुझावहरू प्राप्त भएको र उक्त सुझावहरूलाई आयोगले संवैधानिक कार्यादेश बमोजिम प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो । छलफलमा आयोगका सदस्यहरू मिहिर ठाकुर, मनोज दुवाडी, नि. सचिव डा. टीकाराम पोखरेल, आयोगका कर्मचारीहरू, सङ्कल्प, पौरखी नेपाल, हिमराइट्स, एट्वीन नेपाल, टेवा नेपाल, बियोण्ड बेइजिङ कमिटी (बिबिसी), आदिवासी जनजाति महिला महासङ्घ, विश्वास नेपाल, एक्सनएड, एकल महिला समूहलगायतका संस्थाका प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

## आयोगको उच्चस्तरीय टोलीद्वारा केन्द्रीय कारागारको अनुगमन

राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य लिली थापा, निमित्त सचिव डा. टीकाराम पोखरेल र उपसचिव मञ्जु खतिवडा सम्मिलित उच्चस्तरीय टोलीले मिति २०७८ जेठ ६ गते काठमाडौंको केन्द्रीय कारागारको अनुगमन गरेको छ। टोलीले कारागारमा रहेका कैदबन्दीहरूको मानव अधिकारको अवस्था तथा वर्तमान अवस्थामा फैलिरहेको कोभिड-१९ ले निजहरूमा पारेको प्रभावको बारेमा जानकारी लिएको थियो । अनुगमनको क्रममा पुरुष तथा महिला कैदीबन्दीसँग सामाजिक दूरी कायम गर्दै अन्तरक्रिया गरिएको थियो। साथै, कारागार प्रमुख तथा सुरक्षा प्रमुखसँग समेत छलफल गरिएको थियो ।




*जगन्नाथदेवल, काठमाडौँमा रहेको महिला सुधार गृहको अनुगमन गर्ने क्रममा कारागार प्रमुख र महिला कैदीबन्दीसँग जानकारी लिँदै आयोगको टोली*

## मानव अधिकार सम्मान डा. वस्तीलाई प्रदान गर्ने निर्णय

राष्ट्रिय मानव अधिकार आयोगले प्रदान गर्दै आएको "स्वर्गीय दयाराम परियार स्मृति मानव अधिकार सम्मान" यस वर्ष फरेन्सिक विज्ञ डा. हरिहर वस्तीलाई प्रदान गर्ने निर्णय गरेको छ। आयोगको आज बसेको बैठकले डा. हरिहर वस्तीले आयोगको शवोत्खनन् लगायत विभिन्न अनुसन्धान कार्यमा महत्वपूर्ण योगदान पुर्‍याउनु भएकोमा सम्मान गर्दै उक्त निर्णय गरेको हो ।

सम्मानित हुने डा. हरिहर वस्ती त्रिवि शिक्षण अस्पताल महाराजगञ्जका फरेन्सिक विज्ञको रूपमा रही मानव अधिकारको संरक्षणमा योगदान पुर्‍उँदै आउनुभएको छ । मानव अधिकारको क्षेत्रमा उहाँले पुर्‍याउनुभएको योगदानलाई उच्च सम्मानका साथ आगामी दिनमा समेत मानव अधिकारको क्षेत्रमा थप योगदान पुर्‍याउनुहुनेछ भन्ने विश्वास राख्दै आयोगले सम्मानित व्यक्ति डा. हरिहर वस्तीलाई शुभकामना व्यक्त गरेको छ।

आयोगले यस अघिको मानव अधिकार सम्मानबाट महिला मानव अधिकार रक्षक सञ्जाल (ओरेक) नेपालका संस्थापक तथा लैङ्गिक समानता, लैङ्गिक न्याय र महिला हिंसाको न्यूनीकरणको अभियानमा क्रियाशील रेणु अधिकारी र नेपालगञ्ज दैनिकको प्रधान सम्पादक, रेडियो भेरी आवाजका स्टेशन प्रमुख झलक गैरेलाई सम्मान गरेको थियो ।

## कोभिड -१९ महामारीमा नागरिकको मानव अधिकार संरक्षण गर्न आयोगद्वारा नेपाल सरकारको ध्यानाकर्षण

विश्वभर फैलिरहेको कोभिड-१९ को दोस्रो लहरले नेपालमा पनि सङ्क्रमित हुने तथा मृत्यु हुनेहरूको सङ्ख्या वृद्धि हुँदै गइरहेका कारण नागरिकको जीवन नै जोखिममा पर्न गएको अवस्थालाई मध्येनजर गर्दै आयोगको केन्द्रीय, प्रदेश तथा प्रदेश शाखा कार्यालयहरूबाट अनुगमन गरी नेपाल सरकारलाई ध्यानाकर्षण सहितको पत्राचार गरिएको छ ।

आयोगबाट गरिएको अनुगमनबाट प्राप्त तथ्य र सूचनाहरूको आधारमा अस्पतालहरू कोभिड सङ्क्रमितहरूले भरिभराउ भएको, शैया नपाएर अस्पतालबाहिर समेत बिरामीहरू बस्नु परेको, बढी सङ्ख्यामा सङ्क्रमित भएका स्थानहरूमा अक्सिजनको अभाव रहेको, निजी अस्पतालहरूले बिरामी भर्ना नलिएको, भर्ना लिएका अस्पतालहरूले सङ्क्रमितहरूबाट चर्को शुल्क असुल गरिरहेको र सङ्क्रमितहरूलाई आवश्यक पर्ने स्वास्थ्य उपकरण, रेम्डिसिभर लगायतका औषधीहरूको चर्को मूल्यमा विक्रि वितरण भइरहेको एवम् सीमाक्षेत्रबाट अनियन्त्रित तथा अव्यवस्थित तरिकाबाट नेपाल प्रवेश र अन्य व्यवस्थापनको कमजोरीका कारणले सङकमण स्थानीय स्तरसम्म पुग्ने अवस्था रहेको अनुगमनबाट पाइएको छ ।

कोभिड-१९ का कारणले उत्पन्न सबै असरहरूको सम्बोधन गर्न, व्यक्तिको जीवन, स्वास्थ्य र दैनिक जीवनमा अत्यावश्यक पर्ने सेवा, वस्तुको पहुँच, आपूर्ति व्यवस्थापन तथा नियमन गर्न, अग्रपङ्क्तिमा रहेका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायतको मनोबल उच्च राख्न, न्यून आर्जन भएका श्रमिक तथा ज्यालामजदुरी गरी जीवनयापन गर्ने वर्गहरूको लागि जिविकोपार्जनका आवश्यक कार्यक्रमको व्यवस्थापन गर्न/गराउन आयोगले नेपाल सरकारलाई निर्देशन गरेको छ। यस विषम परिस्थितिमा कोभिड-१९ का सङ्क्रमितहरूको उपचारार्थ नेपाल सरकारका सम्पूर्ण संयन्त्र, प्रदेश तथा स्थानीय सरकारलाई परिचालन गर्नुका साथै राजनीतिक दलहरूलाई समेत यस कोभिड-१९ को नियन्त्रण तथा रोकथामका लागि राष्ट्रिय ऐक्यबद्धता कायम गर्ने गराउने सन्दर्भमा अर्थपूर्ण कदम चाल्नसमेत आयोगले नेपाल सरकारको विशेष ध्यानाकर्षण गराएको छ ।

## वृद्धाश्रम अनुगमन तथा जेष्ठ नागरिकहरूको मानव अधिकार अवस्था सम्बन्धमा सरोकारवालासँग छलफल

राष्ट्रिय मानव अधिकार आयोगले मिति २०७७ चैत ११ गते चितवनको भरतपुरमा ज्येष्ठ नागरिकहरू (विशेष गरी वृद्धाश्रममा रहेका) को मानव अधिकार अवस्था सम्बन्धमा सरोकारवालासँग छलफल कार्यक्रम सम्पन्न गरेको छ । चितवनको भरतपुर महानगरपालिका तथा तनहुँको गलेश्वर देवघाट क्षेत्रमा रहेका छ ओटा वृद्धाश्रमको अनुगमन गरेको थियो । प्राप्त तथ्यहरू जिल्ला समन्वय समिति प्रमुख, प्रमुख जिल्ला अधिकारी, महानगरपालिका लगायत जिल्लास्थित सरोकारवालाबीच प्रस्तुत गरी समस्या समाधानको लागि पहल गर्न आयोगले अनुरोध गरेको थियो ।



*चितवनमा सरोकारवालासँग गरिएको छलफलको क्रममा लिइएको तस्वीर*

कार्यक्रममा जिल्ला समन्वय समिति चितवनका प्रमुख कृष्ण बहादुर डल्लाकोटीले सूचना प्रविधिको युगमा पारिवारिक सम्बन्ध कमजोर बन्दै गएकोले यसलाई हटाउन नैतिक शिक्षाको आवश्यकता रहेको बताउनुभयो। सडकमा अलपत्र रहेका मानिसहरूको उद्धार गर्ने कार्य गरिँदै आएको र चितवन जिल्लालाई सडक मानवमुक्त जिल्लाको रूपमा

स्थापित गर्ने उद्देश्य रहेको जानकारी गराउँदै उहाँले यसकालागि कार्यविधि बनाएर लागु गर्नुका साथै अनुगमनसमेत गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो । साथै, असहाय व्यक्तिहरूको निःशुल्क स्वास्थ्य बिमाको व्यवस्था गर्ने प्रतिबद्धतासमेत उहाँले व्यक्त गर्नुभयो । चितवनका प्रमुख जिल्ला अधिकारी प्रेमलाल लामिछानेले दैनिक जीवनचर्या पहिलेको तुलनामा फरक बन्दै गएको, सामाजिक चेतना, प्रवृत्ति तथा संस्कार स्खलित हुँदै गएको धारणा राख्नुभयो । जनचेतना अभियानको आवश्यकता देखिएको, एकीकृत रणनीतिक योजनासहितको कार्ययोजना आवश्यक देखिएको, आयोगको अनुगमनबाट देखिएको नागरिकता प्राप्तिको समस्याको समाधानको पहल गर्ने बताउनुभयो । जेष्ठ नागरिकहरूको अधिकार संरक्षणको लागि ऐन, कानुनहरू हुँदा हुँदै पनि लक्षित वर्गले प्राप्त गर्ने सुविधाबाट वञ्चित हुन पुगेको अवस्थाप्रति जिल्ला प्रशासन कार्यालयको ध्यान केन्द्रित भएको बताउँदै कानुन कार्यान्वयन गर्ने सन्दर्भमा अनुगमनलाई कडाइका साथ अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

भरतपुर महानगरपालिका स्वास्थ्य तथा सामाजिक विकास शाखा प्रमुख शान्ता पौडेलले वृद्धाश्रम तथा जेष्ठ नागरिकहरूको अधिकार उपभोग सम्बन्धमा छलफलको क्रममा उठेका विषयहरूप्रति भरतपुर महानगरपालिकाको ध्यानाकर्षण भएको बताउनुभयो । एनआरएनजस्तो सःशुल्क सञ्चालित वृद्धाश्रममा मापदण्डको पालना नभएकोमा आश्चर्य व्यक्त गर्दै वृद्धाश्रम सञ्चालन गर्दा व्यवसायलाई भन्दा सेवाभावलाई प्राथमिकता दिनुपर्ने धारणा उहाँले राख्नुभयो । जेष्ठ नागरिकको विषयमा भरतपुर महानगरपालिकाले यसवर्ष ४१ लाख बजेट विनियोजन गरेको जानकारी उहाँले गराउनुभयो । सामाजिक सुरक्षा भत्ता लिन जेष्ठ नागरिकहरूलाई समस्या देखिएको विषयमा महनगरपालिकाले बैङ्कका सम्बन्धित शाखासँग समन्वय तथा छलफलमार्फत समाधान गर्न सकिने भनाइ राख्नुभयो । वृद्धाश्रममा प्राथमिक उपचारको विषयमा पहल गर्न सकिने बताउनुभयो ।

आयोगले गरेको अनुगमनको क्रममा चितवन स्थित अधिकांश वृद्धाश्रमहरू मापदण्डबमोजिम सञ्चालन नगरिएका, सःशुल्क सञ्चालित आश्रममा समेत स्वास्थ्य परीक्षण, स्याहार-सुसार, खाना, बस्न लगायतका आधारभूत विषयमा ध्यान नदिँदा जेष्ठनागरिकहरू समस्यामा परेको तथ्यप्राप्त भएको थियो ।

छलफलको क्रममा सामुदायिक प्रहरी सेवा केन्द्रमा जेष्ठ नागरिकसम्बन्धी गुनासाहरू आउने गरेको, जेष्ठ नागरिकहरूको मानव अधिकार संरक्षणको लागि सरोकारवालाबीच समन्वय हुन जरुरी रहेको, कानुनको व्यवहारिक कार्यान्वयनको लागि जिम्मेवार निकायबाट अनुगमन हुनुपर्ने, पारिवारिक पुनर्मिलन गर्ने कार्यमा समन्वय गरेर बढ्नुपर्ने, अस्पतालमा लाइन लाएरभन्दा शिविर सञ्चालन गरेर नियमित स्वास्थ्य परीक्षण गर्नुपर्ने लगायतका सुझावहरू सहभागीहरूबाट आएको थियो । कार्यक्रममा जिल्ला जेष्ठ नागरिक सङ्घका अध्यक्ष, केदारनाथ तिमिल्सिना, मानव सेवा आश्रम, चितवनका सञ्चालक, विनोद ढकाल, रोटरी करुणालय, देवघाटका सञ्चालक चन्द्रमान श्रेष्ठ लगायतले आफ्ना भनाइ राख्नुभएको थियो ।

कार्यक्रममा आयोगका मानव अधिकार अधिकृत कल्पना नेपाल आचार्यले वृद्धाश्रम अनुगमनबाट प्राप्त तथ्यहरूको प्रस्तुतिकरण गर्नुभएको थियो । कार्यक्रममा सरकारी निकाय, गैरसरकारी सङ्घसंस्था, वृद्धाश्रम सञ्चालक, जेष्ठ नागरिक अभियन्ता, कानुनव्यवसायी, मानव अधिकारकर्मी, सञ्चारकर्मीलगायतको उपस्थिति रहेको थियो ।

त्यसैगरी, आयोगले मिति २०७७ चैत १३ गते मकवानपुरको हेटौंडामा ज्येष्ठ नागरिकहरूको मानव अधिकार अवस्था सम्बन्धमा सरोकारवालासँग छलफल कार्यक्रम सम्पन्न गरेको छ । मकवानपुरको हेटौँडा महानगरपालिका क्षेत्रमा रहेका पाँच ओटा वृद्धाश्रमहरूको अनुगमनपश्चात् प्राप्त तथ्यहरू जिल्ला समन्वय समिति प्रमुख, प्रमुख जिल्ला अधिकारी, महानगरपालिका लगायत जिल्लास्थित सरोकारवालाबीच प्रस्तुत गरी समस्या समाधानको लागि पहल गर्न आयोगले अनुरोध गरेको छ ।

कार्यक्रममा जिल्ला समन्वय समिति प्रमुख रघु खुलालले मानव अधिकार बृहत् विषय भएकोले यसको कार्यान्वयनमा सबै पक्षको सहयोग आवश्यक हुने बताउनुभयो । आश्रमहरू सञ्चालनमा नयाँ ढङ्गले सोच्नुपर्ने बेला आएको धारणा

राख्नुभयो । पहिले उत्साहहले सञ्चालन गरिएका आश्रमहरू राज्यले सहयोग गरेको छैन भनेर जिम्मेवारीबाट पञ्छिन मिल्दैन भन्दै उहाँले आवश्यक साधन श्रोत र सेवा सुविधाका लागि प्रदेश सरकारसँग पहल हुँदै आएको जानकारी गराउनुभयो । कुनै पनि परोपकारी संस्थामा पाँचदश जना कर्मचारीले मात्र सम्हाल्न सम्भव नहुने बताउँदै उहाँले सेवा भाव र स्वायम्सेवी भावना आवश्यक रहेको बताउनुभयो । उहाँले मकवानपुर जिल्ला सडक मानवमुक्त जिल्लाको घोषणा गरी सोहीबमोजिम कार्य हुँदै आएको बताउनुभयो । प्रमुख जिल्ला अधिकारी गोविन्द रिजालले मानव अधिकार जन्मसिद्ध अधिकार रहेको, संविधानको मौलिक हक तथा अन्य कानुनी अधिकारसमेत मानव अधिकारको विषय भएको बताउँदै कार्यान्वयनमा राज्यको भूमिकाप्रति आयोगले घच्घच्याउने कार्य गर्दै आएको बताउनुभयो । जेष्ठ नागरिकको अधिकारको विषयमा सरोकारवालाबीच समन्वय तथा छलफल निरन्तर हुन जरुरी रहेको, विनियोजित बजेटको व्यवस्थापनमा स्थानीय स्तरमा समस्या रहेको बताउनुभयो । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का प्रदेश संयोजक कृष्ण गौतमले जेष्ठ नागरिकहरूलाई दयाभावले नभई अधिकारमुखी अवधारणाबाट हेरिनुपर्ने बताउनुभयो ।



*मकवानपुरको हेटौँडास्थित दिव्यसेवा निकेतन तथा जेष्ठ नागरिक आश्रमको अनुगमनपश्चात् लिइएको तस्वीर*

छलफलको क्रममा अधिकांश वृद्धाश्रमका सञ्चालकहरूले खाना खुवाउनभन्दा पनि अन्य स्याहार सुसारको लागि आवश्यक आर्थिक पक्षको आभाव रहेको बताउनुभयो । नागरिकता नहुँदा विभिन्न सेवा सुविधाबाट वञ्चित हुनुपरेको, सेवा सुविधा लिने क्रममा बैङ्किङ प्रणाली झन्झटिलो हुने, जेष्ठ नागरिक परिचयपत्रको नवीकरणमा समस्या देखिएको, जेष्ठ नागरिक वृद्धाश्रममा पुग्नुको कारणको अध्ययन, आश्रमलाई ज्ञानको भण्डारको रूपमा विकास गर्न आवश्यक रहेको, वृद्धाश्रम सञ्चालनका लागि सरकारी अक्षयकोष स्थापना गरी सोको व्याजले सञ्चालन गर्न सहज हुने लगायतका विषय वृद्धाश्रम सञ्चालकहरूले उठाएका थिए । कार्यक्रममा हेटौँडा महानगरपालिकास्थित ओम वृद्धाश्रम, दिव्यसेवा निकेतन वृद्धाश्रम, मानव सेवा




आश्रम, सर्वेश्वर महादेव वृद्धाश्रम तथा दिवा सेवा केन्द्रलगायत पाँच ओटै वृद्धाश्रम सञ्चालकहरू उपस्थित भई आफ्ना भनाइहरू राख्नुभएको थियो ।

मकवानपुरका जिल्ला समन्वय समितिका प्रमुख रघु खुलालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मकवानपुरका प्रमुख जिल्ला अधिकारी गोविन्दप्रसाद रिजाल प्रमुख अतिथि रहनुभएको थियो । कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका मानव अधिकार अधिकृत कल्पना नेपाल आचार्यले वृद्धाश्रम अनुगमनको क्रममा प्राप्त तथ्यहरूको बारेमा प्रस्तुति गर्नुभएको थियो । कार्यक्रममा सरकारी निकाय, गैरसरकारी सङ्घसंस्था, वृद्धाश्रम सञ्चालक, जेष्ठ नागरिक अभियन्ता, कानुनव्यवसायी, मानव अधिकारकर्मी, सञ्चारकर्मीलगायतको उपस्थिति रहेको थियो ।

## जातीय विभेद र सामाजिक वहिष्करविरुद्धको कार्यक्रम सम्पन्न

खोटाङ/अन्तर्राष्ट्रिय जातीय विभेद उन्मुलन दिवस मार्च २१ को सन्दर्भमा २०७७ चैत ९ गते आयोजित "जातीय विभेद र सामाजिक वहिष्करण अन्त्यका लागि सरोकारवालाको भूमिका" विषयक एक कार्यक्रममा जातीय विभेद र सामाजिक वहिष्करण अन्त्यको लागि समाजका सबै पक्षको

भूमिका महत्त्वपूर्ण हुनुपर्ने विषयमा जोड दिइएका छन् । आयोगको प्रदेश नं. १ शाखा कार्यालय खोटाङले दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका, नेपाल राष्ट्रिय दलित समाज कल्याण सङ्घ र खोटाङ दलित विकास मञ्चको सहकार्यमा सम्पन्न कार्यक्रममा सो धारणा व्यक्त भएको हो । कार्यक्रममा अझै पनि खोटाङ जिल्ला सदरमुकामभित्र नै सामाजिक बहिष्करणका घटनाहरू देखिनु दुःखद पक्ष रहेको भन्दै सामाजिक बहिष्करणबाट ज्येष्ठ नागरिकसमेत पीडित हुनुपरेको घटनालाई टुङ्गोमा पुऱ्याउन सहभागिहरूले आयोगलाई अनुरोध गरेका थिए । कार्यक्रममा जातीय विभेदविरुद्धका कानुनी व्यवस्थाहरूको बारेमा कार्यपत्र प्रस्तुत गर्दै जिल्ला न्यायाधिवक्ता रमेश भट्टराइले यस्ता घटना गम्भीर अपराध भएका हुँदा त्यसको कार्यान्वयनमा जोड दिनुभएको थियो । खोटाङ जिल्लामा दलितहरूको अवस्था विषयमा कार्यपत्र प्रस्तुत गर्दै दलित अधिकारकर्मी दिपक ठटालले जिल्लामा अझै पनि दलित समुदाय र समुदायसँग जोडिएर विभेद गर्ने र सामाजिक बहिष्करण निरन्तर रहेको हुँदा त्यस्तो कार्यविरुद्ध सशक्त कानुनी कारबाही हुनुपर्ने धारणा राख्नुभएको थियो ।

तत्कालीन संविधानसभा सदस्य एवम् कार्यक्रमका प्रमुख अतिथि दुर्गाजयन्ती राईले यस्ता कुरीतिहरूका अन्त्य नहुनुमा सामाजमा रहेका केही विकृत प्रवृति र कानुनको प्रभावकारी कार्यान्वयन नगर्ने निकाय जिम्मेवार रहेको हुँदा त्यसको सूधारको लागि सबै पक्षले गम्भीर भएर लाग्नुपर्ने बताउनु भएको थियो । विशेष अतिथि नगप्रमुख दीपनारायण रिजाल र जिल्ला समन्वय समितिका उपप्रमुख गोमादेवी खत्रीले जातीय विभेदविरुद्ध आफू र आफूले नेतृत्व गरेका निकाय गम्भीर रहेको र त्यसविरुद्धका हरेका कार्यमा आफ्नो साथ रहने बताउनु भएको थियो । जिल्लास्थित राजनितिक दलका प्रमुखहरू, सरकारी कार्यालयका प्रमुखहरू, सुरक्षा निकायका प्रमुखहरू, गैरसरकारी सङ्घसंस्थाका प्रमुखहरू, सञ्चारकर्मी तथा नागरिक समाजका सदस्यहरूको उल्लेख्य सहभागिता रहेको थियो । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी मित्रलाल शर्माले आफुहरूले यस्ता घटनाहरूविरुद्धका कानुन कार्यान्वयन गराउन कुनै कसर बाँकी नराख्ने बताउँदै थप जनचेतनाको खाँचो रहेको बताउनु भएको थियो ।



यसैबीच खोटाङ जिल्लाको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका वडा नं. १, का टंकप्रसाद आचार्यले एक सहभोज कार्यक्रममा दही खाएको निहुँमा दुई वर्षदेखि आफ्नै समुदायबाट बहिष्कारमा परेका थिए । आयोगको प्रदेश नं. १ शाखा कार्यालयको निरन्तर पहलपछि समाधानउन्मुख भएको छ । आयोगका सचिव वेदप्रसाद भट्टराईको नेतृत्वमा गएको आयोगको टोलीले सरकारी निकाय, पीडित र सरोकारवालाहरूसँग छलफल गरेको थियो । समस्या समाधानको लागि आयोगको कार्यालयमा पछिल्लो पटक २०७८ जेठ ३ गते दुवै पक्षबीचमा भएको छलफलपछि यो अवस्था सिर्जना भएको हो ।

## कोभिड-१९ बाट उत्पन्न समस्या र त्यसको व्यवस्थापनसम्बन्धी अनुगमन

खोटाङ/कोभिड-१९ को दोस्रो लहर सँगै खोटाङ जिल्लासमेत प्रभावित भएपछि प्रदेश नं. १ कार्यालयले खोटाङ जिल्लामा रहेका स्वास्थ्य संस्थाहरू र आइसोलेसन केन्द्रहरूको अनुगमन गरेको छ । मानव अधिकार अधिकृतद्वय चिरञ्जीवी कोइराला र नेत्रबहादुर गौतमसहितको टोलीले गरेको अनुगमनबाट अधिकांश सङक्रमित व्यक्तिहरू घरमा नै आइसोलेसनमा बस्ने पनि आत्मअनुशासन कायम गर्न नसक्दा सङक्रमण बढ्न सक्ने सम्भावना रहेको, कोभिडसँग मिल्दोजुल्दो लक्षण देखिँदा पनि स्थानीयहरूले स्वाव परीक्षण गराउन तयार नहुने गरेको पाइएको थियो । जिल्ला सदरमुकामस्थित कोभिड अस्पताल भए पनि प्रभावकारी

उपचारको व्यवस्था नहुँदा सङ्क्रमितहरू त्यहाँ घरमै बस्ने गरेको केही व्यक्तिहरूको भनाइ रहेको थियो ।

## फ्यामिली केयर अस्पतालका कार्यकारी प्रमुखसँग छलफल गर्दै

अनुगमनबाट कोभिड अस्पतालमा अक्सिजन लगायतका स्वास्थ्य सामग्रीहरूको अभाव रहेको पाइएको थियो । यसको साथै होम क्वारेन्टिनमा बसेका बिरामीहरूको निगरानी तथा रिपोर्टिङ व्यवस्थित हुन नसकेपछि अनुगमन टोलीबाट तत्काल सो सम्बन्धमा सम्बन्धित निकायहरूको ध्यानाकर्षण गराइएको थियो । नगरपालिकाले व्यवस्थापन गरेको आइसोलेसन केन्द्र सञ्चालनमा आइनसकेको पाइएको छ । यसबाहेक जिल्लामा प्रभावकारी उपचार हुन नसक्दा गम्भीर खालका बिरामीहरूले महँगो भाडामा हेलिकोप्टर चार्टर गरी काठमाडौं, धरान वा विराटनगर जानुपर्ने बाध्यता रहेको पाइएको थियो । अनुगमन कार्य नेपाल मानव अधिकार सङ्गठन एवम् जिल्ला प्रहरी कार्यालयसँगको समन्वयमा सम्पन्न भएको थियो ।

## आदिवासी जनजातिहरूको मानव अधिकारको अवस्थासम्बन्धी छलफल

ओखलढुङ्गा/आयोगको प्रदेश नं १ शाखा कार्यालय खोटाङले ओखलढुङ्गा जिल्लामा २०७७ चैत २८ देखि २०७८ वैशाख ३ सम्म गरेको अनुगमनबाट सो जिल्लाका आदिवासी जनजातिहरूको मानव अधिकार प्रचलनको अवस्था सन्तोषजनक नरहेको देखिएको छ । जिल्लास्थित सम्बन्धित सरकारी निकायहरू, आदिवासी जनजातिको अधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरू, स्थानीय निकायहरू, नागरिक समाज, सञ्चारकर्मी तथा सरोकारवाहरूसँगको छलफलबाट यस्तो जानकारी प्राप्त हुन आएको हो । स्थानीय सरकारले निर्माण गर्ने नीतिदेखि बजेट तर्जुमासम्म आदिवासी जनजातिहरूको अधिकार प्रचलन सम्बन्धमा सन्तोषजनक नीति र कार्यक्रम नभएको सहभागीहरूको भनाइ थियो । उनीहरूको धर्म, सँस्कृति र जातीय पहिचान संरक्षण एवं संवर्धन सन्दर्भमा राज्यबाट पर्याप्त सहयोग प्राप्त हुन नसकेको, उनीहरूको क्षमता अभिवृद्धिसम्बन्धी परिभाषित कार्यक्रमहरू सञ्चालन हुन नसकेको पाइएको छ । यस क्षेत्रमा काम गर्ने संस्था र स्थानीय सरकारबीच समन्वयको अभाव रहेको देखिएको छ। यसको साथै स्थानीय तहको योजना तर्जुमा प्रकृयाका चरणहरूमा उनीहरूको सहभागिता अन्त्यन्त न्यून रहेको छ । मानव अधिकार अधिकृत नेत्रबहादुर गौतम र नायब सुब्बा भिमसेन थापा मगरको टोलीले गरेको अनुगमन र अनुगमनको क्रममा गरिएको अन्तरक्रियाबाट उल्लिखति जानकारीहरू प्राप्त हुन आएका थिए ।

## नागरिकहरूको स्वास्थ्य अधिकार अवस्था सम्बन्धमा अनुगमन

सोलुखुम्बु/आयोगको प्रदेश नं. १ शाखा कार्यालयका कार्यालय प्रमुख उपसचिव श्यामबाबु काफ्ले र मानव अधिकार अधिकृत चिरञ्जिवी कोइरालाबाट २०७७ चैत्र २८ देखि २०७८ वैशाख ३ सम्म भएको अनुगमनबाट सो जिल्लाको सोलु दुधकुण्ड नगरपालिकाले नागरिकको स्वास्थ्य अधिकारको लागि वार्षिक प्रतिव्यक्ति रू. १९५६/ रकम छुट्याइएको पाइएको छ । पालिकाका ९८.६ प्रतिशत बालबालिका र गर्भवती महिलाहरू भिटामिन ए कार्यक्रममा समेटिएको जानकारी प्राप्त भएको छ । सत्तरी वर्ष उमेर पूरा भएका र 'क' वर्गको अपाङ्गता भएका व्यक्तिहरूको लागि महिनामा एकपटक घरमा नै पुगेर स्वास्थ्य परीक्षण गर्ने गरिएको छ । दम, मधुमेह र उच्च रक्तचापको औषधि निःशुल्क वितरण गर्ने, सुत्केरी भएको तीन र सात दिनमा सुत्केरी महिलाको घरमा गई अनमिद्वारा स्वास्थ्य परीक्षण गरी रु. पाँच सय बराबरको कोसेली उपलब्ध गराउने गरिएको छ । वर्षमा एक पटक वडा स्तरमा ल्याव, इसीजी, भिडियो एक्स्रेसहित चिकित्सकद्वारा स्वास्थ्य शिविर सञ्चालन गरी विभिन्न ७५ प्रकारका औषधिहरू निःशुल्क वितरण गर्ने गरेको पालिकाको भनाइ छ ।

उल्लिखित सकारात्मक पहलहरूका बाबजुद सुत्केरी अवधि र त्यसपछि गरी २२५ ओटा आइरन चक्की खानु पर्नेमा त्यस्तो सेवा लिने महिलाहरू केवल ४४.१ प्रतिशत र जन्मेदेखि छ महिनाभित्र स्तनपानमात्र गराएका शिशुको प्रतिशत ४६.१ मात्र देखिँदा त्यसको सुधारको लागि पालिकाले ध्यान दिनुपर्ने देखिएको छ । सुत्केरी भएका एक सय ११ जना महिलाहरूमध्ये १५ महिला २० वर्षभन्दा पहिला नै सुत्केरी भएको तथ्य प्राप्त हुनुले पालिकामा अझै पनि वालविवाह कायम रहेको देखिँदा सो तर्फ गम्भीर हुन

आवश्यक देखिएको छ । नागरिकको स्वास्थ्य अधिकारको संरक्षण र संवर्धनको जिम्मेवारीमा रहेका निकायमा कार्यरत जनशक्तिलाई नागरिकको स्वास्थ्य अधिकारसँग सम्बन्धित राष्ट्रिय, प्रादेशिक र यससँग सम्बन्धित नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय कानुनहरू, कानुनमा गरिएका व्यवस्थाहरू र नितिगत व्यवस्थाको सन्दर्भमा जानकारी भएको नदेखिँदा सो सम्बन्धमा अभिमुखीकरण गर्नुपर्ने देखिएको छ ।

## नागरिकहरूको स्वास्थ्यको अधिकार उपभोगको अवस्था अनुगमन

बुटवल/आयोगको लुम्बिनी प्रदेश कार्यालय बुटवलबाट रूपन्देहीको मर्चवारी, गैडहवा गाउँपालिका र कपिलवस्तु जिल्लाको यशोधरा गाउँपालिकामा नागरिकहरूको स्वास्थ्यको अधिकार उपभोगको अवस्था विषयमा मिति २०७८ वैशाख ८–१४ सम्म अनुगमन कार्य गरिएको थियो । अनुमनको क्रममा सम्बन्धित गाउँपालिकाअन्तर्गत रहेका स्वास्थ्य संस्था तथा सेवाग्राही लगायत स्थानीय बासिन्दाहरूसँग स्वास्थ्य संस्था र नागरिकबीचको समन्वय सहकार्य तथा स्वास्थ्य सेवाहरूको उपलब्धताबारे छलफल गरेको थियो। अनुगमनका दौरान स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरू प्राय जसो करारमा रहेको, नेपाल सरकारको मापदण्ड अनुसार सवास्थ्य संस्थामा औषधीहरूको उपलब्धता रहेको, गाउँपालिकाहरूले बालिका केन्द्रित विभिन्न कार्यक्रमहरू प्रवाह गर्दै आएको पाइयो । बालिका केन्द्रित कार्यक्रमहरूमा स्वास्थ्य संस्थामा छोरी जन्मे पछि रु. १०,००० बराबरको रकम मुद्धति खातामा राखिदिने, सुत्केरी आमालाई घिउ, अण्डा पोषणयुक्त खानाको लागि खाद्य सामाग्री उपलब्ध गराई पठाउने तथा सुरक्षित न्यानो झोला प्रदान गर्ने जस्ता उदाहरणीय कार्यक्रमहरू रहेको पाइयो ।

विश्वमा फैलिएको कोभिड १९ महामारीबाट बच्नको लागि अपनाउनु पर्ने पुर्व सावधानीका सम्बन्धमा नागरिकहरू सचेत नभएको हुँदा स्वास्थ्य संस्था लगायत अन्य स्थानीय कार्यालयहरूमा सेवा प्रवाह गर्ने व्यक्ति तथा सेवा लिने नागरिकहरूले मास्क, सेनिटाइजर लगायतका मापदण्डहरूको पालना न्युन मात्रामा गरेको देखियो । कतिपय स्वास्थ्य संस्थाहरूमा कार्यालय सहयोगीबाट चेक जाँच तथा औषधी वितरणको कार्य भइआएको पाइएको थियो । अस्पतालमा नागरिकहरू उपचारको लागि जाँदा समान्य प्रकारको चेकजाँच र समान्य औषधि मात्र दिने गरेको, स्थानीय निकायका अस्पतालहरू रेफरल अस्पतालको रूपमा मात्र रहेको कुरा नागरिकहरूको गुनासो रहेको पाइएको थियो ।

अनुगमनबाट प्राप्त माथि उल्लिखित तथ्यहरूको सम्बन्धमा मर्चवारी, गैडहवा र यशोधरा गरी तीन ओटै गाउँपालिकाका प्रमुख उपप्रमुख लगायत सबै जनप्रतिनिधि, कर्मचारीहरूको सहभागितामा नागरिकहरूको स्वास्थ्यको अधिकार उपभोगको अवस्था विषयक अन्तरक्रिया कार्यक्रम गरिएको थियो । कार्यक्रममा अनुगमनबाट प्राप्त तथ्यहरूलाई छलफलको विषय बनाइएको थियो । छलफलबाट सबै गाउपालिकाका प्रमुखहरूले सुधार गर्नुपर्ने पक्षलाई यथाशीध्र सच्याउँदै जाने प्रतिबद्धता आएको थियो भने आयोगबाट निरन्तर अनुगमन कार्य हुनुपर्नेमा जोड दिइएको थियो। यसै गरी मानव अधिकार राष्ट्रिय कार्ययोजनाबमोजिम स्थानीय तहमा समितिको लागि सजकता तथा तदारुकता आएको थियो ।

अन्तरर्क्रियामा करिब दुई सय जनाको सहभागिता रहेको थियो । कार्यक्रममा गाउँपालिकाका जनप्रतिनिधिहरू, कर्मचारीहरू तथा स्थानीय नागरिकहरूको सहभागिता रहेको थियो। आयोगबाट मानव अधिकार अधिकृतद्वय दीपक ठाकुर र इन्द्रजीत सहनी सम्मिलित टोली संलग्न रहको थियो ।

## सिमा नाकामा कोभिड १९ संक्रमण व्यवस्थापन र मानव अधिकार अवस्था सम्बन्धमा अनुगमन

आयोगको लुम्बिनी प्रदेश कार्यालय बुटवलका प्रमुख सम्झना शर्माको नेतृत्वमा उपसचिव श्री सन्तोष अचार्य सहितको टोलीले वैशाख १४ र १५ गते रुपन्देहीको वेलहिया नाका र नवलपरासीको महेशपुर नाका तथा वरपरका क्षेत्रहरुको स्थलगत अनुगमन गरेको थियो। छिमेकी मुलुक भारतमा बढ्दो कोभिड संक्रमणको अवस्था आम सञ्चार माध्यमहरुमा आइरहेको र यस्तो परिस्थितिमा सिमा नाकामा हुने आवागमनले नेपाल संक्रमणको प्रत्यक्ष जोखिममा पर्ने देखिएकोले यथार्थ अवस्था पहिचान गरी कोभिड संक्रमण जोखिम न्यूनिकरण तथा नियन्त्रणमा सरकालाई सुझाव दिने

उद्देश्यले आकस्मीकरुपमा उक्त क्षेत्रहरुको अनुगमन गरिएको हो ।

रुपन्देहीको वेलहिया नाका अनुगमनको क्रममा दैनिक करिब ६ सय जना नेपालीहरु नेपाल भित्रिने गरेको र केही भारतीयहरु भैरहवाको आँखा अस्पतालमा उपचारको लागि आउने गरेकोमा उनीहरुमध्ये कोभिडसँग मिल्दोजुल्दो लक्षण देखिएकालाई मात्र परीक्षण गराउने गरिएको, दैनिक ४० देखि ५० जना शंकास्पद देखिई परीक्षण गर्दा ६, ७ जनामा कोभिड–१९ पोजेटिभ देखिने गरको, संक्रमितहरुलाई सम्बन्धित स्थानीय सरकारसँग समन्वय गरी पठाउने व्यवस्था गरिएको पाइएको छ भने अन्यलाई आवतजावतमा रोक नलगाइएको एवम् क्वारेण्टिनमा राखेको पाइएन। सिमा नाकामा सहायता कक्ष स्थापना गरिएको अनुगमनको क्रममा पाइयो । कोभिड रोकथामको लागि मास्कको प्रयोग, सामाजिक दुरी कायम गर्न, सरसामान किन्न सिमापारी नजान पटक पटक आग्रह गर्दा समेत स्थानीय सर्वसाधारणले अटेर गरेकोले संक्रमण रोकथामको लागि सिमानाका बन्द गर्नुपर्ने र बन्दाबन्दीलाई कडा गराउनुपर्ने सिमानाकामा खटिएका सुरक्षाकर्मीहरुको भनाइ रहेको थियो ।

त्यसैगरी, नवलपरासीको बर्दघाट सुस्ता पश्चिमको महेशपुर नाकाको अनुगमनको क्रममा दैनिक करिब १५० जना सिमानाकाबाट आवतजावत गर्ने गरेको, शंकास्पद बिरामीलाई र्‍यापिड डाइग्नोसिस टेष्ट गर्ने व्यवस्था मिलाइएको र अनुगमन गर्ने दिनसम्म कोहिपनि संक्रमित नदेखिएको सिमानाकामा खटिएका सुरक्षाकर्मीहरुको भनाइ रहेको थियो। सिमा नाकामा सहायता कक्ष स्थापना गरिएको अनुगमनको क्रममा पाइयो । भारतबाट आएका नेपालीहरु कोही संक्रमित भएको पा



इएमा सम्बन्धित स्थानीय सरकारसँग समन्वय गरी पठाउने व्यवस्था गरिएको भन्ने भनाइ रहेको। नेपालीहरु भारत तर्फ हटिया बजार भर्न जाने गरेको र यसमा नियन्त्रण गर्न कठिन रहेको भन्ने जानकारी पाईयो । मुख्य नाका बन्द भए पनि खुला सिमाना भएका कारण अन्यत्रबाट भारत तर्फ आउ जाउ हुदै गरेको अनुगमनका क्रममा देखियो ।

मास्क, सामाजिक दुरी र स्वास्थ्य सुरक्षा मापदण्डको कडाइकासाथ पालना गर्ने सम्बन्धमा नागरिक सचेतनाको आवश्यकता देखिएको, नाकामा मास्कको उचित वितरणको व्यवस्था गरिनुपर्ने, सहायता कक्षहरुलाई व्यवस्थित बनाउनुपर्ने, कर्मचारीहरुको मनोवल उच्च राख्ने उपायहरुको अवलम्बन गर्नुपर्ने, सिमा आवागमनलाई व्यवस्थित र नियन्त्रित गर्नुपर्ने, भारतमा संक्रमण जोखिम उच्च रहेको वर्तमान अवस्थामा सीमा प्रवेशपछि उनीहरुलाई अनिवार्य रुपमा क्वारेन्टाइनमा राखिनुपर्ने लगायतका सुझावहरु अनुगमन टोलीको रहेको छ ।

## छैठौं रणनीतिक योजना निर्माणका लागि सुझाव सङ्कलन कार्यक्रम

राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो संवैधानिक तथा कानुनी दायित्वलाई पूरा गर्नका लागि एवम् मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन र प्रभावकारी कार्यान्वयनको सुनिश्चितताको लागि रणनीतिक योजना तयार गरी कार्यान्वयन गर्दै आएको छ। पाचौं रणनीतिक योजना २०१५–२०२० अवधि समाप्त भएको परिप्रेक्ष्यमा सरोकारवाला संस्थाहरूसँग विभिन्न चरणमा सुझाव सङ्कलन कार्यक्रम आयोजना हुँदै आएको छ। छलफलका विषयमा आगामी छ वर्षका लागि रणनीतिक योजना निर्माण गर्दा ध्यान पुऱ्याउनुपर्ने विषय, पाँचौं रणनीतिक योजनाको कार्यान्वयन अवस्था, देखिएका चुनौती, कमीकमजोरी रहेका थिए ।

कार्यक्रमको सुरुआत आयोगका पदाधिकारी तथा सचिव, सहसचिव, उपसचिव लगायत महाशाखा तथा एकाइ प्रमुखहरूको सहभागीतामा २०७७ चैत ५ गतेबाट गरिएको थियो । यसरी सञ्चालित कार्यक्रममा आयोगका माननीय सदस्यको सहभागितामा रहेको थियो । प्रदेश स्तरमा मानव अधिकारको क्षेत्रमा कार्यरत संस्थाहरूको सहभागितामा विभिन्न चरणमा कार्यक्रम सम्पनन भएका थिए । चैत १३

विराटनगर, चैत्र १८ पोखरा, चैत्र २० जनकपुर र धनगढी, चैत्र २३ रामेछाप दोलखा, चैत्र २६ वुटवल, चैत्र २८ हेटौंडा, वैशाख ७ गते नेपालगञ्ज, वैशाख १० जुम्लामा यस प्रकृतिका कार्यक्रम सम्पन्न भएका थिए ।

केन्द्रीय तहमा पनि विभिन्न चरणमा सरोकारवालाहरूसँग छलफल गरिएको थियो । विशेषत: संसद, अन्य संवैधानिक निकाय, तथा विकास साझेदार संस्थाहरूसँग भर्चुअल माध्यमबाट कार्यक्रम सम्पन्न गरिएको थियो । सुझाव सङ्कलनसम्बन्धी सम्पूर्ण छलफल तथा कार्यक्रम नीति, अनुसन्धान तथा योजना महाशाखाको आयोजनामा सम्पन्न गरिएको थियो ।

छलफलहरूबाट प्राप्त सुझावहरूको सङकलन तथा लेखन कार्य माननीय सदस्य मिहिर ठाकुरको संयोजकत्वमा निर्माण गरिएको रणनीतिक योजना लेखन कार्यदलद्वारा वैशाख १४ गतेदेखि १७ गतेसम्म काभ्रेको धुलिखेलमा सम्पन्न गरिएको थियो ।

विभिन्न चरणमा सम्पन्न छलफलका विषयहरूमा पुराना उजुरी फायलहरूको द्रूत अनुसन्धान, नागरिक समाज तथा अन्य विषयगत आयोगहरूसँगको सहकार्य, स्थानीय निकायसँगको समन्वय रहेका थिए । यसैगरी कर्मचारी व्यवस्थापन, जेष्ठ नागरिक, आप्रवासी कामदार, यौनिक अल्पसङ्ख्यक, वातावरण, सामूहिक अधिकारसबन्धी विषयलाई पनि समावेश गरिएको थियो । यसको साथै सीमान्तकृत समुदाय, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारजस्ता क्षेत्रमा आयोगबाट सम्पादित कार्यहरूमाथि सहभागीले प्रष्टयाएका थिए । आयोगले विभिन्न विषयमा राष्ट्रिय जाँचबुझ सम्पन्न गरेको, लैङ्गिक नीति, सीमामा बस्ने नागरिकको अनुगमन, कोभिड, भुकम्पलगायतका संवेदनशील घटनाहरूमा विज्ञको सहयोगमा  अनुसन्धान गरिएको, व्यवसाय र मानव अधिकारको सवालमा आयोगले गरेका कार्यहरूको बारेमा पनि चर्चा गरिएको थियो । कार्यक्रममा आगामी शैक्षिक सत्रदेखि कक्षा ११ र १२ मा मानव अधिकार शिक्षासम्बन्धी पाठचक्रम समावेश गर्न आयोगको भूमिका सह्राननीय रहेको सहभागिहरूको भनाइ रहेको थियो ।।

छलफलको क्रममा आगामी रणनीतिक योजनामा हालसम्म भएका कार्यहरूको निरन्तरतासँगै प्रभावकारी अनुसन्धानमार्फत उजुरीहरू टुङ्ग्याउनुपर्ने सुझाव प्राप्त भएका थिए । त्यसैगरी सबै जिल्लामा सम्पर्क सूत्रको स्थापना गर्ने, आयोगको पूर्वाधार विकास, कार्यालय व्यवस्थापन, कर्मचारी उत्पेरणा र मनोबलजस्तो विषयलाई पनि प्राथमिकतासाथ उठान गरिएको थियो । महिला हिंसा, सूचना प्रविधिलाई प्रभावकारी बनाई यसको माध्यमबाट उजूरी फाइलको व्यवस्थापन कार्य चूस्त बनाउनुपर्ने लगायतका विषयलाई विशेष जोड दिइएको थियो ।

## बालविवाह न्यूनीकरणमा सरोकारवाला निकायहरूको भूमिका विषयक अन्तरक्रिया

जनकपुर/आयोगले २०७७ चैत ११ गते धनुषा जिल्लामा बालविवाह न्यूनीकरणमा सरकोकारवाला निकायको भूमिका विषयक अन्तरक्रिया सम्पन्न गरेको छ । आयोगको केन्द्रीय कार्यालय तथा प्रदेश नं. २ कार्यालयबाट खटिएको टोलीले प्रदेश नं. २ अन्तर्गत धनुषा र महोत्तरी जिल्लाका विभिन्न भेगका किशोर किशोरी समूह, बाल क्लब, वडा अध्यक्ष, शिक्षक, मेयर, उपमेयर, सरकारी र गैरसरकारी निकायहरूसँग छलफल गरेको थियो । उक्त छलफलबाट प्राप्त जानकारी तथा तथ्यहरूको आधारमा सरकोकारवालाको ध्यानाकर्षण गराई समस्याको समाधानमा पहल गर्ने उद्देश्यले उक्त अन्तरक्रियाको आयोजना गरिएको थियो ।

आयोगका प्रदेश नं. २ कार्यालयका प्रमुख वीरबहादुर बुढा मगरको अध्यक्षतामा सम्पन्न अन्तरक्रियामा प्रदेश नं. २ का कानुन मन्त्री ज्ञानेन्द्रकुमार यादव प्रमुख अतिथि रहनुभएको थियो । कार्यक्रममा सङ्घीय प्रहरी एकाइ प्र.न.२ प्रमुख प्रहरी वरिष्ठ उपरिक्षक किशोरकुमार दाहाल, सामाजिक महाशाखा प्रमुख देवकुमारी खत्री र आयोगको तर्फबाट मानव अधिकार अधिकृत मनमाया राना मगरले बालविवाह सम्बन्धी कानुनी व्यवस्था र विद्यमान अवस्था सम्बन्धमा प्रस्तुतिकरण गर्नुभएको थियो । प्रस्तुतिकरणमा बालविवाह, अवस्था, त्यसबाट पर्ने प्रभाव, दक्षिण एसियामा बालविवाह गर्ने देशहरूमध्ये बंगलादेश र भारतपछि नेपाल, बालविवाहबाट प्रभावित हुने सबैभन्दा बढी प्रदेश नं. २ का जिल्लाहरू रहेको आदि विषयहरू समावेश गरिएका थिए ।

कार्यक्रममा जनकपुर उपमहानगरपालिकाका उपप्रमुख रीताकुमारी झा, हंसपुर नगरपालिकाका रेनु झालगायतका

जनप्रतिनिधिहरू र प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोला सरकारी कर्मचारीहरूको सहभागिता थियो । त्यसैगरी गैरसरकारी निकायका प्रतिनिधि महिला मानव अधिकारको क्षेत्रमा कार्यरत मानव अधिकारकर्मीहरू, सञ्चारकर्मी, हिंसा पीडित व्यक्ति, पीडित परिवार, नागरिक समाजका प्रतिनिधिहरूसहित ११६ जनाको उपस्थिति रहेको थियो ।

## घरेलु हिंसा न्यूनीकरणमा सरोकारवाला निकायहरूको भूमिका विषयक अन्तरक्रिया

बाँके/आयोगले घरेलु हिंसा न्यूनीकरणमा सरोकारवाला निकायहरूको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम २०७७ चैत २५ गते बाँके जिल्लामा सम्पन्न गरेको छ। आयोगको केन्द्रीय कार्यालय तथा लुम्बिनी प्रदेश शाखा कार्यालयबाट खटिएको टोलीले प्रदेश नं. ५ अन्तर्गत बाँके र बर्दिया जिल्लाका विभिन्न स्थानहरूको स्थलगत अनुगमन गरेको थियो। सो क्रममा स्थानीय पीडित व्यक्ति तथा परिवारहरू, पीडितको कानुनी उपचारका लागि पहल गर्ने नागरिक समाजका प्रतिनिधिहरू, न्यायसम्पादनमा पीडितलाई सहयोग गर्ने कानुनव्यवसायीहरूसँग छलफल गरिएको थियो । त्यसगरी स्थानीय तहमा न्यायिक कार्यमा योगदान गर्ने तथा सहजीकरण गर्ने उपमेयर तथा वडाका अध्यक्ष एवंम् उपाध्यक्षसँग पनि घरेलुहिंसाको बारेमा जानकारी लिइएको थियो । कार्यक्रमको उद्देश्य प्राप्त तथ्यहरूको आधारमा सरकोकारवालाको ध्यानाकर्षण गराइ समस्याको समाधानार्थ पहल गर्ने रहेको थियो।

विशेषतः आयोगले घरेलु हिंसालाई न्यूनिकरण गर्न विद्यमान कानुनी प्रावधानहरूमा ठोस रूपमा गरिनुपर्ने सुधारप्रति आफ्नो ध्यान केन्द्रित गरेको थियो। विभिन्न जिल्लाहरूमा रहेका पीडित समुदाय एवं नागरिक समाज लगायत सम्बन्धित सरोकावालाहरूलाई ध्यानाकर्षण गराउने मनसायअनुरू बाँके र बर्दिया जिल्लालाई छनौट गरिएको थियो।

कार्यक्रममा प्रहरी, प्रशासन, सरकारी वकिल, नागरिक समाज र स्थानीय निकायहरूबाट प्रवाहित सेवाबारे छलफल भएको थियो । त्यसैगरी सरकारी कार्यालयहरूले प्रदान गरिरहेका सेवाहरूको विद्यमान अवस्था र सेवाप्रवाहकै क्रममा भएका कमीकमजोरीहरूलाई सुधार गरी गुणात्मक सेवाप्रवाह गर्नुपर्ने विषय उठाइएको थियो । कार्यक्रममा कानुन कार्यान्वयन गर्ने निकायका अधिकारीहरूले विगतका कमीकमजोरीलाई हटाएर अगाडि बढ्ने प्रतिबद्धता जनाउनु भएको थियो। कार्यक्रम आयोगका लुम्बिनी प्रदेश कार्यालय प्रमुख झंकरबहादुर रावलको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो।

## वातावरण, विकास र मानवअधिकार सम्बन्धी अनुगमन तथा अन्तरक्रिया

आयोगको सुदुरपश्चि प्रदेश कार्यालयको आयोजनामा दार्चुला जिल्लामा वातावरण, विकास र मानव अधिकारसम्बन्धी अनुगमन तथा अन्तरक्रिया कार्यक्रम २०७८ वैशाख ३–८ सम्म सम्पन्न भएको छ।

आयोगका सुदूरपश्चिम कार्यालय प्रमुख मोहनदेव जोशीको अध्यक्षतामा सम्पन्न अन्तरक्रिया कार्यक्रममा दार्चुलाका जिल्ला समन्वय समिति प्रमुख करबीर बहादुर कार्की प्रमुख अतिथि रहनुभएको थियो। श्री कार्कीले दार्चुलामा सानाठुला गरी ५० मेगावाट बढी विद्युत उत्पादन भएको र सोही हाराहारीमा विद्युत उत्पादन हुने क्रममा रहेको बताउनुभयो । नौगाड र चमेलियामा विद्युत उत्पादन गर्ने क्रममा त्यो क्षेत्रमा खोलामा नदी सुकाएर विद्युत उत्पादन गरिँदा त्यस क्षेत्रमा जलचर नष्ट हुनुका साथै वरिपरिको वातावरणमा समेत असर पुगेको छ । ठुला आयोजना निर्माण गर्दा वातावरणीय पक्षमा ध्यान नदिइएको उहाँको भनाइ थियो। स्वच्छ वातवरणमा बाँच्न पाउने सबैको अधारभूत मानव अधिकार हो भन्दै सडक निर्माणमा वातावरणीय प्रभाव मूल्याङ्कन अनिवार्य छ । विडम्बना त्यसको प्रभावकारी कार्यान्वयन हुन नसक्दा समस्या देखिएको हुँदा स्थानीय तह संवेदनशील हेर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

मालिकार्जुन गाउँपालिका अध्यक्ष नरेन्द्रसिह धामीले दार्चुला जिल्ला प्राकृतिक प्रकोपको उच्च जोखिममा रहेको ,चमेलिया जलविद्युतको रोयल्टी स्थानियबासीले पाउन नसकेको अवस्था छ। वातावरण विनासले खडेरी हुँदा हैजा जस्ता प्रकोपको सामना गर्नु परिरहेको बताउँदै विकास निर्माणमा भएका कमजोरीलाई सुधार गर्दै लैजाने प्रतिबद्धता व्यक्त गर्नुभयो।

कार्यक्रममा आयोगका कार्यालय प्रमुख जोशीले वातावरण विकास र मानव अधिकार विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। खुला छलफलमा सहभागी हुदै अपी नम्पा संरक्षण केन्द्र दार्चुलाका सन्तबहादुर थापाले मानव विकासको लागि सडक अनिवार्य रहेको तर त्यसको बिस्तृत परियोजना प्रतिवेदन तयार नगर्दा समस्याहरू आउँने गरेको र सरोकारवाला निकायबीच समन्वयको अभाव रहेको उहाँको भनाइ थियो । नेपाली काँग्रेसका हरक विष्टले चमेलिया जलविद्युतबाट उत्पादित विद्युत दार्चुला जिल्लाबासीले उपभोग गर्न नपाएको, भारतीय पक्षबाट सडक निर्माणको क्रममा प्रयोग भएको जिलेटनका कारण नेपाल सीमानाका घरहरू चर्केको बताउनुभयो । इन्सेक दार्चुलाका जिल्ला प्रतिनिधि नरेन्द्रसिह कार्कीले भारतले कैलाश मानसरोवारको लागि बाटो बनाउने क्रममा जिलेटन बढी प्रयोग गर्दा ढुङ्गा सबै नदिमा खसेको जसले गर्दा नदिले धार परिवर्तन गरेको बताउनुभयो। माथिल्लो चमेलिया ४० मेघावाट निर्माणको लागि अगाडि बढेको हुँदा त्यसमा वातावरणीय प्रभाव मूल्याङ्कनमा अनिवार्य ध्यान दिनुपर्नेमाउहाँको जोड थियो।

सञ्चारकर्मी नारायण अवस्थीले महाकाली नदीमा जथाभावी फोहोर बढदै गइरहेकोले नदीमा आश्रित जलचरहरू नष्ट हुँदै गएकोमा चिन्ता प्रकट गर्नुभयो। कुनै बेला महाकाली नदीमा ७२ प्रकारका जलचरहरू थिए तर अहिले दिनहुँ महाकाली नदी दुषित हुदै जाँदा नदीमा आश्रित जलचरहरू लोप हुन गएकोमा सबैको चासो हुनुपर्नेमा जोड दिनुभयो। दार्चुलाका प्रमुख जिल्ला अधिकारी सिद्धराज जोशीले हरेक निकायले विकास निर्माणमा मानवलाई केन्द्रमा राखेर अघि बढ्ने हो भने वातावरणमा असर कम पर्ने र त्यसको लागि वातावरण संरक्षण र विकासलाइ सन्तुलित बनाएर अघि बढने प्रतिबद्धता जनाउनु भयो । कार्यक्रममा वक्ताहरूले विकास निर्माणबाट वातावरण संरक्षण र मानव स्वास्थ्यमा पर्ने असरबारे सबैले सचेत हुनुपर्नेमा जोड दिएका थिए। कार्यक्रममा जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरू, सरोकारवाला निकाय, अधिकारकर्मी एवम् सञ्चारकर्मीहरूको सहभागिता रहेको।

## ५६ औ अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवसको अवसरमा प्रभात फेरि

जातीय भेदभावविरुद्ध ५६ औ अन्तर्राष्ट्रिय दिवस २०७७ चैत ८ गते आयोगको सदुरपश्चिम प्रदेश कार्यालय धनगढीसहित विभिन्न गैसस, नागरिक समाजको पहलमा भएको सम्पन्न भएको छ। धनगढीको चौराहबाट सुरु प्रभात फेरि धनगढी पार्कमोडमा पुगी कोणसभामा परिणत भएको थियो। दलित सेवा सङ्घका केन्द्रीय अध्यक्ष इश्वरी विश्वकर्माको अध्यक्षतामा सम्पन्न भएको कोणसभामा धनगढी उपमहानगरपालिकाका उपप्रमुख सुशिला भट्ट मिश्रले मानव मर्यादा र समानताको लागि प्रतिबद्धता जनाउँदै जातीय विभेदका घटनाका पीडितको न्यायको लागि स्थानिय सरकारको तर्फबाट खेल्नुपर्ने भूमिकामा सँधै सहयोगी रहने बताउनु भयो। संविधान सभा सदस्य हरि श्रीपाईलीले आफू संविधान सभाको सदस्य हुँदादेखि नै छुवाछुतमुक्त राष्ट्र र जातीय विभेदविरुद्धको ऐन ल्याउनमा महत्त्वपूर्ण भूमिका रहे पनि कार्यन्वयनमा सुदूरपश्चिम क्षेत्र कमजोर देखिएको उल्लेख गर्नुभयो ।सबै राजनितिक दल, नागरिक समाज, सञ्चारकर्मीले समानता र समताको लागि ऐक्यबद्ध हुनुपर्ने उहाँको भनाइ थियो।

आयोगका सदुरपश्चिम कार्यालय प्रमुख मोहन जोशीले जीवन ,समानता मर्यादा र न्याय आधारभूत मानव अधिकार सिद्धान्त रहेको छ। नेपाल पक्ष भएको अन्तराष्ट्रिय महासन्धि मूलत मानव अधिकारको विश्वव्यापी घोषणपत्र १९४९, जातीय विभेद उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५, नेपालको संविधान र जातीय विभेद (कसूर र सजाय) सम्बन्धी ऐन, २०६८ लगायतका कानुनहरूको पूर्ण कार्यान्वयन गर्नु आजको आवश्यकता रहेको बताउनुभयो। आधारभूत मानव अधिकारमा सबै किसिमका विभेदको उन्मूलन, समनता र मर्यादाको अधिकार सुनिश्चित गर्नु राज्यको दायित्य रहेको बताउँदै संवैधानिक र कानुनी कार्यदेश बमोजिम स्थानिय सरकारलाई जिम्मेवारी प्रदान गरेको हुँदा कानुन कार्यान्वयनमा स्थानीय जवाफदेही बन्नुपर्ने उहाँको भनाइ थियाे । नेपाल सरकारको पाँचौं मानव

अधिकार राष्ट्रिय कार्ययोजनामा समेत प्रदेश सरकार जिल्ला समन्वय समिति एवम् स्थानीय सरकारलाई जिम्मेवारी प्रदान

गरेकोमा सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने दायित्व रहेकोमा जोड दिनुभयो ।

दलित सेवा सङ्घका केन्द्रीय अध्यक्ष ईश्वरी विश्वकर्माले नागरिक संस्था तथा सञ्चारकर्मीले मानव अधिकारको कार्यान्वयनको अवस्थाको अनुगमन गर्नुपर्ने, जातीय विभेद उन्मूलनको लागि सबै पक्षको ऐक्यबद्धता र सकारात्मक पहल हुनुपर्नेमा जोड दिनुभयो । कोण सभापछि सहभागी सबैले जातीय विभेद उन्मूलनको लागि प्रतिबद्धता जाहेर गर्दै ब्यानरमा हस्ताक्षरसमेत गरिएको थियो । प्रभातफेरिमा सरकारी निकाय, गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधिहरू, नागरिक समाज, अभियन्ता, सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो ।

## मानव अधिकार रक्षकहरूलाई मानव अधिकारसम्बन्धी अभिमुखीकरण

बाग्लुङ/मुस्ताङ/राष्ट्रिय मानव अधिकार आयोगले २०७७ चैत २० गते बाग्लुङ जिल्लामा मानव अधिकार रक्षकहरूलाई व्यवसाय र मानव अधिकारसम्बन्धी एक दिने अभिमुखीकरण तालिम सम्पन्न गरेको छ। व्यवसाय र मानव अधिकार, मानव अधिकार रक्षकहरूको काम, कर्तव्य अधिकार तथा दायित्व साथै मानव अधिकारको अवधारणागत स्पष्टता लगायत अभिमुखीकरण तालिमका विषयवस्तु रहेका थिए ।

राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेशका कार्यालय प्रमुख श्री चन्द्रकान्त चापागाईंको अध्यक्षता रहेको कार्यक्रममा जिल्लाका उद्योग बाणिज्य सङ्घका अध्यक्ष तथा पदाधिकारीहरू नेपाल मानव अधिकार संगठनका प्रतिनिधिहरू, उपभोक्ताको अधिकार, अपाङ्गता, जेष्ठ नागरिक, महिला तथा बालबालिकाका क्षेत्रमा क्रियाशील मानव अधिकार रक्षकहरूसहित करिब ५० जनाको उपस्थिति रहेको थियो ।

त्यसैगरी, राष्ट्रिय मानव अधिकार आयोगले मिति २०७७ चैत २४ गते मुस्ताङ जिल्लाको जोमसोममा मानव अधिकार रक्षकहरूलाई मानव अधिकार सम्बन्धी अभिमुखीकरण तालिम सम्पन्न गरेको छ । उक्त कार्यक्रममा जिल्लाका स्थानीय तहका पदाधिकारी जिल्ला रेडक्रसका पदाधिकारी, नेपाल मानव अधिकार संगठनका प्रतिनिधि, महिला मानव अधिकार रक्षक सञ्जाल, महिला मानव अधिकारकर्मी, विद्यार्थी तथा शिक्षक, कर्मचारी, सुरक्षा निकायका प्रतिनिधि, सञ्चारकर्मी महासङ्घ लगायत विभिन्न मानव अधिकारका क्षेत्र अपाङ्गता, जेष्ठ नागरिक, महिला तथा बालबालिका लगायतका क्षेत्रमा कार्यरत मानव अधिकार रक्षकहरू करिब ५० जनाको उपस्थिति रहेको थियो ।

कार्यक्रममा मानव अधिकारको अवधारणागत स्पष्टता, मानव अधिकार र अपराध, जेष्ठ नागरिकको अधिकार, मानव अधिकार रक्षकको भूमिका, लैङ्गिक हिंसाा तथा वातावरण लगायत अभिमुखीकरण तालिमका विषयवस्तु रहेका थिए

## बालविवाह र घरेलु हिंसा अन्त्यका लागि सरोकारवालाहरूको भूमिका विषयक सार्वजनिक सुनुवाइ तथा अन्तरक्रिया सम्पन्न

कपिलवस्तु/आयोगको लुम्बिनी प्रदेश कार्यालय बुटवलले २०७७ चैत्र २३ गते कपिलवस्तु जिल्लाको बुद्धभूमि नगरपालिका क्षेत्रमा बालविवाह र घरेलु हिंसा अन्त्यका लागि सरोकारवालाहरूको भूमिका विषयक सार्वजनिक सुनुवाई तथा अन्तरर्क्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा सहसचिव श्री सम्झना शर्माले बालविवाह र घरेलु हिंसाको अवस्था र प्रभावहरूसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । बुद्धभूमि नगरपालिकाका उपमेयर मिरा थारुले बुद्धभूमि नगरपालिका बालविवाहमुक्त घोषणा भएको तर कार्यान्वयनको लागि थप कार्य गर्न बाँकी रहेको बताउनुभयो । महिलाहरूमाथि अझै पनि घरेलु हिंसा भइरहेको, उनीहरूलाई श्रीमानले मदिराजन्य पदार्थ सेवन गरी गाली, गलौज गर्ने, घरको काममा मात्र सीमित गराउने गरेको उहाँको भनाइ थियो । यस्ता समस्या समाधानमा शिक्षाको महत्त्व हुने हुनाले सबैलाई शिक्षाको पहुँच पुर्‍याउनुपर्ने भन्दै शिक्षाको माध्यमबाट सामाजिक, आर्थिक परिवर्तन सम्भव हुनेमा उहाँको जोड थियो । भागी विवाह बढ्दै गएको र यसको नियन्त्रण चुनौतिपूर्ण बन्दै गइरहेकोमा कानुन कार्यान्वयनमा ध्यान दिनुपर्ने उहाँको भनाइ थियो । बाल क्लबकी सुनिता बेलबासेले बुद्धभूमि नगरपालिकाले बालविवाहमुक्त घोषणा भए पनि कार्यान्वयको लागि ठोस

कार्यक्रमहरू आउन नसकेको गुनासो गर्नुभयो । वडा सदस्य रामदेव पासीले मधेशमा दाइजोका कारण महिलाहरूको मृत्यु भइरहेको बताउँदै कानुनी व्यवस्थाबारे सचेतना अभिवृद्धि गर्नुपर्नेमा जोड दिनुभयो ।

आयोगका सहसचिव तथा लुम्बिनी प्रदेश कार्यालय बुटवलका प्रमुख सम्झना शर्माको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा बुद्धभूमि नगरपालिकाका उपमेयर मिरा थारु, प्रमुख प्रशासकीय अधिकृत अनिल पौडेल, नगरकार्यपालिकाका सदस्य तथा वडासदस्यहरू, सुरक्षा निकाय, विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरू, बालक्लब, किशोरी क्लब, सञ्चारकर्मी, मावन अधिकारकर्मी र राष्ट्रिय मावन अधिकार आयोग लुम्बिनी प्रदेश कार्यालयका कर्मचारी सहित ६० जनाको सहभागिता रहेको थियो ।

## बालविवाहले बालबालिकाको स्वास्थ्यमा पर्ने असर विषयक अन्तरर्क्रिया सम्पन्न

बुटवल/आयोगको लुम्बिनी प्रदेश कार्यालय बुटवलले विश्व स्वास्थ्य दिवसको अवसरमा २०७७ चैत २५ गते कोटहीमाई गाउँपालिकामा बालविवाहले बालबालिकाको स्वास्थ्यमा पर्ने असर विषयक अन्तरर्क्रिया सम्पन्न गरेको छ । बालविवाहले बालबालिकाको स्वास्थ्यमा पर्ने असरको विषयमा प्रस्तुतिकरण गरी गाउँपालिकाका जनप्रतिनिधिलगायत स्थानीय सरोकारवालासँग छलफल गर्नुका साथै सचेतना अभिवृद्धि गर्ने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरिएको थियो ।

कार्यक्रममा जनस्वास्थ्य अधिकृत रामविलाश यादव, इलाका प्रशासन कार्यालयका नायव सुब्बा पप्पुप्रसाद यादव, कोटहीमाई गाउँपालिकाका प्रमुख मानबहादुर कुँवरलगायतले बालविवाहले स्वास्थ्यमा पर्ने असरहरूको बारेमा आ-आफ्ना भनाइ राख्नुभएको थियो । रूपन्देहीको मर्चवार क्षेत्रमा अशिक्षा, गरिबी, परम्परा लगायतका कारणले बालविवाहका घटनाहरू भएका विभिन्न सञ्चार माध्यममा आउने गरेको कारण कानुन कार्यान्वयनमा गाउँपालिकाको भूमिकालाई थप प्रभावकारी गराउन पहल गनुपर्नेमा जोड दिइएको थियो ।

कार्यक्रममा आयोगका मानव अधिकार अधिकृत वसन्त अर्यालले बालविवाहले बालबालिकामा पार्ने असर सम्बन्धमा प्रस्तुतिकरण गर्नुभएको थियो । आयोगका लुम्बिनी प्रदेश कार्यालय बुटवलका प्रमुख सम्झना शर्माको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कोटहीमाई गाउँपालिका रूपन्देहीका अध्यक्ष चन्द्र भूषण यादव, उपाध्यक्ष भानमति बाँनिया, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष तथा सदस्यहरू, इलाका प्रहरी कार्यालयका प्रमुख, कार्यपालिका सदस्यहरू, नागरिक समाज, अधिकारकर्मी, बालक्लब, किशोरी क्लब, सञ्चारकर्मी, आयोगका कर्मचारीहरूसहित ८७ जनाको उपस्थिति रहेको थियो ।

## गुल्मी जिल्लाका नागरिकहरूको स्वास्थ्यको अधिकार उपभोगको अवस्था विषयक अनुगमन कार्यक्रम

राष्ट्रिय मानव अधिकार आयोग लुम्बिनी प्रदेश कार्यालयका उपसचिव सन्तोष आचार्यसहित लेखापाल श्री कृष्ण अधिकारी सम्मिलित अनुगमन टोलीले २०७७ चैत ३० देखि २०७८ वैशाख ५ सम्म गुल्मी जिल्लाका नागरिकहरूको स्वास्थ्यको अधिकार उपभोगको अवस्थाका सम्बन्धमा अनुगमन गरेको छ । अनुगमन टोलीले जिल्ला अस्पताल गुल्मी, प्राथमिक स्वास्थ्य केन्द्र रिडी तथा प्राथमिक स्वास्थ्य केन्द्र धुर्कोटको अनुगमन गरेको थियो । अनुगमनका क्रममा सम्बन्धित अस्पतालका प्रमुख तथा कर्मचारी एवम् सेवाग्राहीहरूसँग समेत अस्पतालको सेवा प्रवाहका सम्बन्धमा जानकारी लिएको थियो ।

अनुगमन टोलीले रुरुक्षेत्र गाउँपालिका, गुल्मी दरबार गाउँपालिका र धुर्कोट गाउँपालिका तथा रेसुङ्गा नगरपालिकाका स्वास्थ्य सस्थाहरूको समेत अनुगमन गरेको छ । अनुगमनका क्रममा आयोगले तयार गरेको अनुगमन सुचकहरूको आधारमा सुचना तथा तथ्याङ्कहरू सङ्कलन गरिएको थियो । गाउँपालिका तथा नगरपालिकाहरूले स्वास्थ्य सेवा प्रवाहका सम्न्बधमा सञ्चालन गरेका कार्यक्रमहरू तथा ती कार्यक्रमहरूको प्रभावकारीताका सम्बन्धमा जानकारी लिइएको थियो ।

अनुगमनका सिलसिलामा टोलीले जिल्लाको रुरुक्षेत्र गाउँपालिका र धुर्कोट गाउँपालिकाको सभाकक्षमा

नागरीकहरूको स्वास्थ्यको अधिकार उपभोगको अवस्था बिषयक अर्न्तक्रिया कार्यक्रमसमेत सम्पन्न गरेको थियो । अर्न्तक्रिया कार्यक्रममा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, सामाजिक विकास समितिका संयोजक, वडाध्यक्षहरू, दलित महिला वडा सदस्य, स्वास्थ्य शाखाका कर्मचारीहरू, महिला स्वास्थ्य स्वयंसेविकाहरू लगायतको सहभागिता रहेको थियो । अन्तरक्रिया कार्यक्रममा आयोगको तर्फबाट उपसचिव सन्तोष आचार्यले स्वास्थ्यको अधिकार सम्बन्धि संवैधानिक र कानुनी व्यवस्था तथा त्यसको कार्यान्वयनमा राष्ट्रिय मानव अधिकार आयोगको भूमिका विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यपत्रमा उठान गरेका विविध विषयवस्तु एवम् गाउँपालिकाको स्वास्थ्य अवस्थाका सन्दर्भमा स्वास्थ्य शाखा प्रमुखले स्वास्थ्य अधिकारका विषयहरू सम्बन्धमा तथ्याङकहरूसहितको जानकारी गराउनुभएको थियो । गाउँपालिकाका अध्यक्षले गाउँपालिकाका तर्फबाट नागरिकहरूलाई सर्वसुलभ ढङ्गले स्वास्थ्य सेवा उपलब्ध गराउन चालेका विविध कार्यक्रमहरू र त्यस्ता कार्यकमहरूको प्रभावकारिताका सम्बन्धमा भनाइ राख्नुभएको थियो । कार्यक्रममा गाउँपालिका उपाध्यक्ष, वडाध्यक्षहरू तथा महिला स्वास्थ्य स्वयंसेविकाहरूसमेतले पालिकाका स्वास्थ्यसम्बन्धी कार्यक्रमहरू त्यसको प्रभावकारीताका लागि गाउँपालिकाले गर्नुपर्ने पहलका सम्बन्धमा आ-आफ्ना धारणा राख्नुभएको थियो । घरघरमा स्वास्थ्य कार्यक्रम सञ्चालनका लागि छ जना स्वास्थ्यकर्मीहरूलाई प्रत्येकको घरघरमा गएर आधारभूत स्वास्थ्य परीक्षण गर्ने व्यवस्था गरिएको, प्रत्येक दुई महिनामा ८० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकहरूको घरमै गएर स्वास्थ्य परीक्षण गर्ने हुँदै आएको छ । यी कार्यक्रमहरू प्रभावकारी देखिनुको साथै गर्भवती महिलाहरूका लागि निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने तथा प्रसुति स्याहार भत्ताले मात्रमृत्युदर घटाउन सहयोग गरेको सहभागिहरूको साझा धारणा रहेको थियो ।

## व्यवसाय र मानव अधिकारसम्बन्धी अभिमुखीकरण सम्पन्न

सुर्खेत/कर्णाली प्रदेशको राजधानी सुर्खेतमा मानव अधिकारकर्मी तथा सरोकारवालाहरूको सहभागितामा व्यवसाय र मानव अधिकारसम्बन्धी अभिमूखीकरण तथा छलफलको आयोजना गरिएको थियो । कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगको तर्फबाट आयोगको केन्द्रीय कार्यालय, प्रवर्धन महाशाखा नि.प्रमुख दिपेन्द्रबहादुर सिंहले व्यवसाय र मानव अधिकारको सम्बन्धमा सहजीकरण गर्नुभएको थियो । आयोगको नेपालगञ्ज कार्यायका प्रमुख झंकरबहादुर रावलले मानव अधिकार संरक्षण तथा प्रवर्धनमा मानव अधिकार रक्षकहरूको भूमिकासम्बन्धी प्रस्तुतिकरण गर्नुभएको थियो ।

नेपाल मानव अधिकार संगठनको संयोजनमा गरिएको उक्त कार्यक्रममा कर्णाली प्रदेशको सबै जिल्लाका मानव अधिकार रक्षकहरू, नागरिक समाज, व्यवसायी, शिक्षक, कानुनव्यवसायी एवम् सञ्चारकर्मी गरी ८० जनाको सहभागिता रहेको थियो ।

आयोगले मकवानपुरको थाहा नगरपालिकामा २०७७ चैत १० गते व्यवसाय र मानव अधिकार सम्बन्धमा स्थानीय तह, नागरिक समाज तथा सञ्चारमाध्यमहरूको भूमिका विषयक अभिमूखीकरण कार्यक्रमको आयोजना गरेको थियो । थाहा नगरपालिकाको संयोजनमा भएको कार्यक्रममा नगरप्रमुख लवसेर बिष्ट लगायत स्थानीय तहका जनप्रतिनिधिहरू, सुरक्षाकर्मी, नागरिक समाज, सञ्चारकर्मी, उद्योगबाणिज्य सङ्घका प्रतिनिधि गरी ६० जनाको सहभागिता रहेको थियो । आयोगका सचिव वेद भट्टराईको अध्यक्षतामा भएको कार्यक्रमा आयोगको बाग्मती प्रदेश कार्यालयका प्रमुख यज्ञप्रसाद अधिकारी, केन्द्रीय कार्यालय प्रवर्धन महाशाखा नि. प्रमुख दिपेन्द्रबहादुर सिंह र मानव अधिकार अधिकृत जयश्वर चापागाईले व्यवसाय र मानव अधिकार, उपभोक्ता अधिकार, मानव अधिकार राष्ट्रिय कार्ययोजना, विकासमा मानव अधिकारमुखी पद्धती सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

त्यसैगरी, २०७७ चैत ११ गते मकवानपुर जिल्लाको मकवानपुर गढी गाउँपालिकाका पदाधिकारी, कर्मचारी

शिक्षक तथा अन्य सरोकारवालाहरूको उपस्थितीमा उपभोक्ता मानव अधिकार संरक्षणमा स्थानीय तहको भूमिका सम्बन्धमा अभिमूखीकरण कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रमा उपभोक्ता र मानव अधिकार, मानव अधिकार राष्ट्रिय कार्ययोजना लगायतका विषयहरूमा प्रस्तुतिकरण एवम् समूहगत छलफल गरिएको थियो । कार्यक्रम आयोगका सचिव वेद भट्टराईको अध्यक्षतामा सम्पन्न भएको थियो । अभिमूखीकरण कार्यक्रमा आयोगको वाग्मती प्रदेश कार्यालयका प्रमुख यज्ञप्रसाद अधिकारी, केन्द्रीय कार्यालय प्रवर्धन महाशाखा नि. प्रमुख दिपेन्द्रबहादुर सिंह र मानव अधिकार अधिकृत जयश्वर चापागाईले उपभोक्ता अधिकार, मानव अधिकार राष्ट्रिय कार्ययोजना, विकासमा मानव अधिकारमुखी पद्धति सम्बन्धमा प्रस्तुतिकरण गर्नुभएको थियो । यसै सन्दर्भमा २०७७ चैत १२ गते बिहान मकवानपुरको हेटौंडास्थित नागरिक समाज तथा मानव अधिकारकर्मीहरू सँग जिल्लाको मानव अधिकारको अवस्था विषयमा अन्तर्क्रिया तथा छलफलको आयोजना गरिएको थियो ।

## उपभोक्ता अधिकारको कार्यान्वयनमा स्थानीय तहको भूमिका विषयक अभिमुखीकरण

राष्ट्रिय मानव अधिकार आयोगले सल्यान जिल्लाको कपुरकोट गाउँपालिकामा मिति २०७७ चैत ४ गते उपभोक्ता अधिकारको कार्यान्वयनमा स्थानीय तहको भूमिक विषयक अभिमूखीकरण सम्पन्न गरेको छ । कार्यक्रममा कपुरकोट गाउँपालिकाका अध्यक्ष भिमबहादुर सेन लगायत स्थानिय तहका जनप्रतिनिधि, नागरिक समाज, सञ्चारकर्मीहरू गरी ७५ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा उपभोक्ता अधिकार संरक्षणमा स्थानीय तहको भूमिका सम्बन्धमा आयोगको केन्द्रीय कार्यालय, प्रवर्धन महाशाखा नि.प्रमुख दिपेन्द्रबहादुर सिंहले प्रस्तुतीकरण गर्नुका साथै छलफलसमेत गरिएको थियो । कार्यक्रम सहभागितामुलक तथा अन्तर्क्रियात्मक रहेको थियो ।

## कोभिड-१९ महामारीमा उपभोक्ता अधिकार विषयक कार्यक्रम

आयोगले मिति २०७८ जेठ ६ गते कोभिड-१९ महामारीमा उपभोक्ता अधिकारको अवस्था र सरोकारवालाहरूको भूमिका विषयक कार्यक्रम भर्चुअल माध्यमबाट सम्पन्न गरेको छ । आयोगका माननीय अध्यक्ष तपबहादुर मगरले अध्यक्षता गर्नुभएको कार्यक्रममा उपभोक्ता मानव अधिकारको अवस्थाका सम्बन्धमा सातै प्रदेशका उपभोक्ता अधिकारकर्मीहरूले आफ्नो भनाइ राख्नुभएको थियो ।

कार्यक्रममा आयोगका अध्यक्ष माननीय तपबहादुर मगरले उपभोक्ता मानव अधिकार संरक्षणका लागि सबै उपायहरू अवलम्बन गरिने र नागरिक समाज, मानव अधिकारको क्षेत्रमा कार्यरत संस्थाहरू, सरोकारवालाहरूसँगको सहकार्यलाई थप प्रभावकारी बनाइने प्रतिबद्धता जाहेर गर्नुभएको थियो । कार्यक्रमा उपभोक्ता अधिकारकर्मी ज्योती बाँनिया, प्रेमलाल महर्जन, विमला खनाल, डा. श्रीराम खडकाले आफ्नो मन्तव्य राख्नुभएको थियो । कार्यक्रमको सञ्चालन राष्ट्रिय मानव अधिकार आयोग प्रवर्धन महाशाख नि. प्रमुख दिपेन्द्रबहादुर सिंहले गर्नुभएको थियो ।

छलफलको क्रममा सहभागीहरूबाट उठाइएका जिज्ञासाहरूको बारेमा नेपाल सरकारको तर्फबाट खाद्य प्रविधि तथ गुणनियन्त्रण विभागका महानिर्देशक उपेन्द्र रेग्मी र स्वास्थ्य विभागका महानिर्देशक दिपेन्द्ररमण सिंहले आफ्ना भनाइ राख्नुभएको थियो । आयोगको तर्फबाट उपभोक्ता मानव अधिकार सम्बन्धमा आयोगले गरेका कार्यहरूबारे आयोगका माननीय सदस्य मिहिर ठाकुरले प्रकाश पार्नुभएको थियो । कार्यक्रममा नेपालभरबाट ३५ जिल्लाका ९६ जना अधिकारकर्मी, नागरिक समाज तथा सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो ।

**मानव अधिकार पत्र संयोजन तथा सम्पादन मण्डल**

कैलाशकुमार सिवाकोटी
दुर्गा पोखरेल
पवन भण्डारी

सूचना प्रविधि, प्रतिवेदन, प्राज्ञिक अनुसन्धान तथा प्रकाशन महाशाखा, हरिहरभवन, ललितपूर